(२०७४ मङ्सिर २१ गते (७ डिसेम्बर, २०१७) विहिबार सम्पन्न भएको दोस्रो चरणको 'प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचन' का सन्दर्भमा माननीय प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले मिडिया सेन्टरमा आज मङ्सिर २१ गते साँझ आयोजित विशेष पत्रकार सम्मेलनमा दिनुभएको वक्तव्य)

**आदरणीय मतदाता बुवा, आमा, दिदी बहिनी तथा दाजुभाइहरू,**

१. नेपालको संविधान कार्यान्वयन गर्ने क्रममा दोस्रो चरणमा आज मंसिर २१ गते ४५ जिल्लामा भएको प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचनमा मतदाताको उत्साहजनक, व्यापक सहभागिता र शान्तिपूर्णरूपमा सम्पन्न भएको जानकारी सहर्षरूपमा गराउन चाहन्छु ।

२. दोस्रो चरणको निर्वाचनका लागि कायम भएका प्रतिनिधिसभा सदस्यका लागि १२८ निर्वाचन क्षेत्र र प्रदेशसभा सदस्यका लागि २५६ निर्वाचन क्षेत्रका गरी ७ हजार ७५२ मतदान स्थलका १५ हजार ३४४ मतदान केन्द्रमा मतदान भएको हो । ती मतदान केन्द्रमध्ये छिटफूट घटनाबाहेक सबै मतदान केन्द्रमा मतदान कार्य शान्तिपूर्ण वातावरणमा सम्पन्न भएको छ । आज साँझ ५ बजेभित्र मतदान केन्द्रहरुमा प्रवेश गरिसकेका मतदाताहरुले मतदान गर्न पाउने व्यवस्था रहेको छ । यस निर्वाचनमा कूल १ करोड २२ लाख ३५ हजार ९९३ मतदातालाई आफ्नो मताधिकार प्रयोग गर्नुभएको हो ।

३. अर्घाखाँची जिल्लाको सन्धिखर्क नगरपालिका वडा नम्बर ५ मथुरा निम्न माध्यमिक विद्यालय नेटा मतदान स्थलका (क) र (ख) गरी दुईवटा मतदान केन्द्रको मतदान कार्य आज स्थगित भएको छ । मतदान केन्द्र (ख) का मतदान अधिकृतले मतपत्रमा सही नगरेको भनी राजनीतिक दलका कार्यकर्ताबाट एउटा मतपेटिका तोडफोड गरी फालेको र बाँकी मतपत्र च्यातेकाले उक्त मतदान केन्द्रको मतदान कार्य स्थगित भएको हो । सो मतदान केन्द्रमा केही दिनभित्रै पुनः मतदान गर्ने व्यवस्था मिलाइने छ ।

४. बढ्दो चिसोको समेत वास्ता नगरी महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका मतदाताहरुले मतदान गर्नुभएको छ । केही मतदान केन्द्रमा मतदान प्रतिनिधि समयमा उपस्थित नभएका कारणले केही ढिलो मतदान आरम्भ भए पनि सबै मतदान केन्द्रहरूमा तोकिएकै समयमा निर्वाचन शुरू भएको थियो । अधिकाँश मतदान केन्द्रमा बिहान ७ बजे अगाडिदेखि नै मतदाताहरू मतदानका लागि उत्साहपूर्वक पङ्क्तिबद्ध हुनुभएको थियो । यस निर्वाचनबाट संविधान कार्यान्वयन गर्न र सङ्क्रमणकालको अन्त्यका लागि महत्वपूर्ण योगदान पुगेको विश्वास आयोगले लिएको छ । उत्साजनकरुपमा मतदानमा सहभागी हुनुभएका सबै मतदाताहरुलाई आयोग हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

५. निर्वाचन आयोगस्थित संयुक्त निर्वाचन सञ्चालन केन्द्रमा प्राप्त प्रारम्भिक विवरण अनुसार, आजसम्म सम्पन्न निर्वाचनमा ६७ प्रतिशतभन्दा बढी मतदान भएको जानकारी प्राप्त भएको छ । सबैभन्दा बढी गुल्मी जिल्लामा ७१ प्रतिशत मतदान भएको छ । मतदानमा खसेको मत प्रतिशतको आँकडा अझ बढ्नसक्ने सम्भावना छ ।

६. आज मतदान सम्पन्न भए लगत्तै सबै मतपेटिका सुरक्षित तवरबाट जिल्ला सदुरमुकामस्थित मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयमा सङ्कलन गर्ने कामसमेत शुरू भइसकेको छ । यसरी संकलन भएका मतपेटिकाहरू मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृतको प्रत्यक्ष रेखदेख, नियन्त्रण र व्यवस्थापनमा रहन्छन् । मतपेटिकाहरू मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, सुरक्षा निकाय र राजनीतिक दल तथा उम्मेदवारहरूको सहमतिमा विश्वसनीय ढंगबाट सुरक्षित स्थानमा राख्ने प्रबन्ध मिलाइएको छ ।

७. दोस्रो चरणको निर्वाचन सम्पन्न भएसँगै मङ्सिर १० गते पहिलो चरणको प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको मतगणना कार्य आजैबाट सुरु भएको जानकारी गराउन चाहन्छु । केही समयपछि नै तपाईंहरूले प्रारम्भिक मतपरिणाम पाउन थाल्नु हुने छ । पहिलो चरणमा ३२ जिल्लाका प्रतिनिधिसभातर्फ ३७ र प्रदेशसभातर्फ ७४ निर्वाचन क्षेत्रमा मतदान सम्पन्न भएको थियो । दोस्रो चरणको निर्वाचनका सम्बन्धित जिल्लाको सदरमुकाममा मतपेटिका प्राप्त भइसकेपछि मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतले आवश्यक तयारी पूरा गरी आजै राती वा भोलि बिहानसम्ममा मतगणना सुरु गर्नु हुने विश्वास आयोगले लिएको छ ।

८. सातवटै प्रदेश र ७७ वटै जिल्लामा सफलतापूर्वक निर्वाचन सम्पन्न गर्न सफल हुनुभएकोमा सबै मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, मतदान अधिकृत, सहायक मतदान अधिकृत तथा सबै राष्ट्रसेवक कर्मचारी र सुरक्षाकर्मीहरु सबैलाई निर्वाचन आयोग धन्यवाद दिन चाहन्छ । साथै अनवरतरूपमा खटेर कार्य सम्पन्न गर्न सफल हुनुभएकोमा निर्वाचन आयोगका सम्पूर्ण कर्मचारीहरूको आयोग प्रशंसा गर्दै धन्यवाद दिन चाहन्छ । साथै कसैले प्रश्न उठाउन नसक्ने गरी मतगणनाको कार्य सम्पन्न गर्ने गहन जिम्मेवारीसमेत यहाँहरूमै रहेको छ ।

९. निर्वाचनका लागि नेपाल सरकारले गरेको सुरक्षा प्रबन्ध प्रभावकारी रहेका कारण निर्वाचन शान्तिपूर्णरुपमा सम्पन्न भएको छ । निर्वाचनलाई सफल पार्न अहम् भूमिका खेल्नुहुने सम्पूर्ण राजनीतिक दल, उम्मेदवार र दलका कार्यकर्ताले देखाउनु भएको सहयोग, सद्भाव र मैत्रीपूर्ण व्यवहार, समझदारी र सकारात्मक सहभागिताप्रति आयोग आभार प्रकट गर्दछ । मतदान कार्यलाई सफल बनाउने कार्यमा सहयोग पुऱ्याउने नेपाल सरकार, मित्र राष्ट्र, दातृ निकाय, विकास साझेदार संस्था तथा अन्तर्राष्ट्रिय समुदाय एवं राष्ट्रिय अन्तर्राष्ट्रिय पर्यवेक्षक तथा नागरिक समाज, आम मतदाता, सम्पूर्ण सञ्चारकर्मीको सहयोग एवं सद्भावप्रति आयोग धन्यवाद दिन चाहन्छ ।

१०. राजनीतिक दलका प्रतिनिधिहरुको रोहवरमा मतदान सम्पन्न भई दलहरुका प्रतिनिधिहरुकै सहयोग र समन्वयमा मतपेटिका ढुवानी भई मतगणना कार्य गर्न सुरु हुन लागेको हो । नेपाली मतदाताले मतपत्रको माध्यमबाट व्यक्त गरेको मतादेशलाई सहजरूपमा स्वीकार्न निर्वाचन आयोग सबै राजनीतिक दल तथा उम्मेदवारहरुसँग हार्दिक अपील गर्दछ । साथै निर्वाचन प्रचार प्रसारमा दलहरुबीच देखिएको सौहार्द्रता मतगणनापछि हुने हार र जीतको परिणामलाई पनि सहजरुपमा लिई उच्च राजनीतिक संस्कार प्रकट गर्न सबै राजनीतिक दल तथा उम्मेदवार प्रतिबद्ध रहनुभएको विश्वास आयोगले लिएको छ ।

- **<u>आदरणीय पत्रकार मित्रहरू</u>**

- दोस्रो चरणको प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको मतदान कार्यलाई सफल बनाउन र विभिन्न ठाउँबाट प्रत्यक्ष प्रशारणमार्फत मतदातालाई सुसूचित पार्ने कार्यमा सञ्चारकर्मीहरूले पुऱ्याउनु भएको योगदानको आयोग उच्च प्रशंसा गर्दछ । साथै मतदानको समाचार सङ्कलन र सम्प्रेषणमा सञ्चारकर्मी मित्रहरूले देखाउनु भएको जाँगर, उत्साह र लगनशीलताको आयोगले उच्च कदर गरेको छ । धन्यवाद